

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

वर्ष ८, अंक ८, मंसिर

# अपराध अनुसन्धान
## मासिक ई-बुलेटिन




नेपाल प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग

प्रविधिको सहयोगमा वस्तुनिष्ठ अनुसन्धान ।
विश्वासिलो अभियोजन: पीडितको सम्मान ॥

मासिक ई-बुलेटिन

# विषय सूची


| शीर्षक | पृष्ठ |
| --- | --- |
| विभागीय गतिविधि | १ - ४ |
| अपराध तथ्याङ्क | ५ - १२ |
| प्रहरी सेवा प्रवाह | १३- १६ |
| खोजतलास तथा समन्वय | १७ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १८ - २० |
| अपराध समाचार | २१ - २५ |
| उत्कृष्ट अनुसन्धान | २६-२७ |
| सम्पादक मण्डल | २८ |

# विभागीय गतिविधिहरु

## अपराध अनुसन्धान विभागको ७०औं स्थापना दिवस, २०८२ कार्यक्रम सम्पन्न






***काठमाडौं, १ मंसिर***

प्रहरी महानिरीक्षक दान बहादुर कार्कीज्यूकोको प्रमुख आतिथ्यतामा नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित एक कार्यक्रमबीच अपराध अनुसन्धान सम्बन्धी एकदिवसीय अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भयो । अपराध अनुसन्धान विभागको ७०औं स्थापना दिवस, २०८२ को अवसरमा उक्त अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रममा प्रहरी महानिरीक्षक दान बहादुर कार्कीज्यूले अपराध अनुसन्धान विभागका पूर्व प्रमुख एवम् अवकाश प्राप्त प्रहरी अतिरिक्त महानिरीक्षक सुरेन्द्र बहादुर शाहलाई सम्मान गर्नुभयो। साथै उहाँले अपराध अनुसन्धान विभागद्वारा प्राकाशित CID Magazine, 2082 को विमोचन समेत गर्नुभयो । नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरजयूले धन्यवाद मन्तव्य व्यक्त गर्नु भयो।

## संयुक्त राष्ट्रसंघका अल्पसंख्यक मामिला सम्बन्धी विशेष प्रतिवेदक Nicolas Levrat को नेपाल प्रहरी प्रधान कार्यालय भ्रमण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न।



***काठमाडौं, १९ मंसिर***

संयुक्त राष्ट्रसंघका अल्पसंख्यक मामिला सम्बन्धी विशेष प्रतिवेदक Nicolas Levrat को नेपाल प्रहरी प्रधान कार्यालय भ्रमण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न। नेपाल प्रहरीको तर्फबाट प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यू , प्रहरी बरिष्ठ उपरीक्षक मुकुन्द मरासनीज्यू, प्रहरी उपरीक्षक श्याम सिंह चौधरीज्यू, प्रहरी उपरीक्षक बासुदेव पाठकज्यू र प्रहरी उपरीक्षक बसुन्धरा खड्काज्यू साथै संयुक्त राष्ट्रसंघको तर्फबाट Special Rapporteur Nicolas Levart And Ms.Shafferan Sonneveld Human Right Officer Special procedures Office of the Hight Commissioners For Human Right र पराराष्ट्र मन्त्रालयका शाखा अधिकृत श्री टंक बहादुर राईज्यूको उपस्थिति रहेको थियो।

कार्यक्रमको सुरुवातमा नेपाल प्रहरी प्रधान कार्यालय मानव अधिकार उल्लंघन अनुगमन इकाईका प्रहरी उपरीक्षक श्याम सिंह चौधरीज्युले Minorities issues सम्बन्धी संक्षिप्त जानकारी गराउनु भयो। अन्तरक्रिया कार्यक्रममा विभिन्न विषयवस्तुहरुको प्रस्तुती रहेको थियो । जस्तै नेपाल प्रहरीले अल्पसंख्यक समुदायको मानव अधिकारको संरक्षण तथा समान न्यायमा पहुँच सुनिश्चित गर्न गरिरहेका प्रयासहरूको प्रस्तुति गरिएको थियो । प्रहरी सेवामा समावेशीता (Inclusiveness) र समानुपातिक प्रतिनिधित्व (Proportional Representation) लाई बढाउनका लागि गरिएका नीतिगत सुधारहरू उल्लेख गरियो । अल्पसंख्यक समुदायलाई लक्षित गरी हुने घृणा अपराध (Hate Crimes) र घृणाजन्य अभिव्यक्ति (Hate Speech) नियन्त्रण तथा अनुसन्धानमा प्रहरीले अपनाएका प्रक्रियाबारे जानकारी समेत भएको थियो । यस विषयबस्तुहरुमा Nicolas Levart ले अल्पसंख्यक समुदायका व्यक्तिहरूको प्रहरीमा पहुँच, उजुरी दर्ता प्रक्रिया, र अनुसन्धानमा निष्पक्षता बारे विशेष चासो व्यक्त गर्नुभयो।

## लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान कार्यक्रम सम्पन्न



***काठमाडौं, १४ मंसिर***

प्रहरी महानिरीक्षक दान बहादुर कार्कीज्यूले महिला तथा बालबालिका माथि भएका हिंसाका तथ्याङ्कहरूले सबैलाई गम्भीरतापूर्वक सोच्न बाध्य बनाएको र यस्ता हिंसाले व्यक्ति, परिवार र समाजलाई समेत असर गर्ने भएकोले लैङ्गिक हिंसा न्यूनीकरण सम्बोधनको लागि सरोकारवाला सबै पक्षहरूको सामूहिक प्रयास आवश्यक रहेको बताउनुभएको छ। प्रविधिको सही प्रयोग गरौं: लैङ्गिक हिंसा अन्त्य गरौं भन्ने राष्ट्रिय नारा र लैङ्गिक हिंसा रहित प्रविधि, सुरक्षा र न्यायको विधि भन्ने नेपाल प्रहरीको नारा सहित नेपाल प्रहरी प्रधान कार्यालयमा लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानको अवसरमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक कार्कीज्यूले उक्त कुरा बताउनुभएको हो। उक्त कार्यक्रममा अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौरज्यूले धन्यवाद मन्तव्य व्यक्त गर्नु भयो।

## प्रहरी नायव महानिरीक्षक दिलिप सिंह देउवाज्यूको धन्यबाद तथा शुभकामना कार्यक्रम सम्पन्न



***काठमाडौं, १० मंसिर***

अपराध अनुसन्धान विभाग महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयबाट नेपाल प्रहरी प्रधान कार्यालय, प्रदेश समन्वय विभाग सरुवा भई जान लाग्नु भएका प्रहरी नायव महानिरीक्षक दिलिप सिंह देउवाज्यूको विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यूद्वारा मांयाको चिनो सहित धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायव महानिरीक्षकज्यूहरु, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायब उपरीक्षकज्यूहरु, प्रहरी निरीक्षकज्यूहरु लगायत अन्य कर्मचारीहरुको उपस्थिती रहेको थियो।

## Crime & Criminal Information System (CCIS) Training सम्पन्न




***काठमाडौं, २६ मंसिर***

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वाधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८२।०८।०७ गते देखि मिति २०८२।०८।२६ गतेसम्म संचालित Crime & Criminal Information System (CCIS) विषयक ३८ औ समुहको Training सम्पन्न भयो। उक्त तालिममा प्रहरी नायव निरीक्षक २, प्रहरी सहायक निरीक्षक ३, प्रहरी वरिष्ठ हवल्दार ३, प्रहरी सहायक हवल्दार २ र प्रहरी जवान २८ गरि जम्मा ३८ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो। Crime & Criminal Information System (CCIS) Training सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई व्यक्त गर्नुका साथै प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नु हुँदै प्रशिक्षार्थीहरुले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्यक्षेत्रमा जिम्मेवारीपूर्वक त्रुटीरहित ढंगबाट कार्य सम्पादन गर्न निर्देशन समेत दिनु भयो ।

मासिक ई-बुलेटिन

## इन्टरपोल महासभामा सहभागी हुन प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूको नेतृत्वको टोली मोरक्को प्रस्थान



***काठमाडौं ,६ मंसिर***

इन्टरपोलको ९३औं महासभामा सहभागी हुन प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारी नेतृत्वको टोली मोरक्को प्रस्थान गर्नुभएको छ । इन्टरपोल महासचिवालयको आयोजनामा मोरक्कोको माराकेचमा मंसिर ८ गते देखि ११ गतेसम्म संचालन हुने उक्त महासभामा सहभागी हुन प्रहरी अतिरिक्त महानिरीक्षक अधिकारी सहितको टोली त्यसतर्फ प्रस्थान गर्नुभएको हो । प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीसँग महासभामा सहभागी हुन इन्टरपोल शाखाका प्रमुख प्रहरी उपरीक्षक रूपेस खड्का समेत त्यसतर्फ प्रस्थान गर्नुभएको छ ।

उक्त महासभामा अन्तर्राष्ट्रिय स्तरमा हुने अपराधहरूको रोकथाम तथा न्यूनीकरणको लागि इन्टरपोलको विभिन्न नीति निर्माणका प्रक्रियाहरूको सम्बन्धमा सम्पूर्ण सदस्य राष्ट्रहरूको सहभागितामा छलफल हुने । साथै इन्टरपोलको कार्यकारिणी समितिको विभिन्न रिक्त पदहरूको लागि निर्वाचन र मतदान समेत हुने । उक्त महासभामा इन्टरपोलका सबै १९६ सदस्य राष्ट्रहरूको प्रतिनिधिहरू सहभागी हुने र इन्टरपोलको महत्त्वपूर्ण विषयहरूमा मतदानद्वारा निर्णय गरिने प्रावधान अनुसार नेपालले पनि उक्त मतदानहरूमा भाग लिने कार्यक्रम रहेको छ । प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीको नेतृत्त्वमा सहभागी हुने प्रतिनिधि मण्डलद्वारा इन्टरपोलका अध्यक्ष तथा महासचिवसँग शिष्टाचार भेटघाट एवम् मित्रराष्ट्रहरू कतार, भारत, फ्रान्स, जापान, मलेसिया, साउदी अरब र यूएईका प्रतिनिधीहरूसँग समसामयिक विषय तथा अन्तर्राष्ट्रिय प्रहरी समन्वयमा थप प्रभावकारी बनाउने लगायतका विषयहरूमा द्विपक्षीय बैठक हुने कार्यक्रम रहेको थियो र सो कार्यक्रम सम्पन्न गरी प्रहरी अतिरिक्त महानिरीक्षकज्यूको Team मिति २०८२।०८।१४ गते स्वदेश फिर्ता हुनु भएको छ ।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति पक्राउ




***काठमाडौं, १ मंसिर***

ठगी तथा संगठित अपराध मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी रौतहट कटहरिया नगरपालिका-१ ठेगाना भएका आकाश प्रसाद कुशवाहा पक्राउ परेका छन् । एनसिबि क्वालालम्पुरको समन्वयमा मलेसियामा पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ शनिबार नेपाल फिर्ता ल्याइएको छ । उक्त मुद्दामा संलग्न रही फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८० मंसिर २१ गते उनी विरूद्ध रेड नोटिस जारी भएको थियो । उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहटबाट खटि आएका प्रहरीलाई बुझाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ ।

## Training Record System (TRS) Training सम्पन्न



***काठमाडौं, १ मंसिर***

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वाधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८२।०७।१३ गते देखि मिति २०८२।०८।०१ गतेसम्म संचालित

Training Record System (TRS) विषयक ३८ औ समुहको Training सम्पन्न भयो । उक्त तालिममा प्रहरी वरिष्ठ नायब निरीक्षक १, प्रहरी नायव निरीक्षक २ , प्रहरी सहायक निरीक्षक ७, प्रहरी वरिष्ठ हवल्दार ५, प्रहरी हवल्दार १, प्रहरी प्रहरी सहायक हवल्दार ५  र प्रहरी जवान १७ गरि जम्मा ३८ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो Crime Record System (TRS) Training सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई व्यक्त गर्नुका साथै प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नु हुँदै प्रशिक्षार्थीहरुले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्यक्षेत्रमा जिम्मेवारीपूर्वक त्रुटीरहित ढंगबाट कार्य सम्पादन गर्न निर्देशन समेत दिनु भयो ।

## आसरा सुधार केन्द्रकी अध्यक्ष नबिना खत्री कार्कीको स्वागत कार्यक्रम सम्पन्न



***काठमाडौ २६ , मंसिर***

आसरा सुधार केन्द्र रानीबारीकी नवनियुक्त अध्यक्ष श्रीमती नबिना खत्री कार्कीलाई आयोजित एक कार्यक्रमबीच सोही केन्द्रका पदाधिकारीहरूले केन्द्रको कार्यालय रानीबारीमा हार्दिक स्वागत गर्नुभएको छ। सो अवसरमा केन्द्रकी नवनियुक्त अध्यक्ष कार्कीले लागूऔषध प्रयोगकर्ताहरूको मनोबल वृद्धि गर्दै समाजमा पुनर्स्थापना गराउन यस सुधार केन्द्रले खेलेको भूमिका प्रशंसनीय रहेको बताउनु भयो । केन्द्रको उद्देश्य प्राप्तिका लागि आगामी दिनमा अझ परिस्कृत तरिकाले कार्यक्रमहरू संचालन गर्न तथा केन्द्रको भूमिकालाई थप बहुआयामिक बनाउन केन्द्रका पूर्व अध्यक्षहरू, पदाधिकारीहरू, सरोकारवाला निकायहरू र नागरिक समाजबाट महत्वपूर्ण सुझाव तथा सहयोग प्राप्त हुने विश्वास उहाँले व्यक्त गर्नुभयो। आसरा सुधार केन्द्रकी सचिव शामिला पोखरेलले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा केन्द्रमा उपचाररत सदस्यहरुद्वारा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो। कार्यक्रममा नेपाल प्रहरी श्रीमती संघका पदाधिकारीहरू, केन्द्रका पदाधिकारीहरू, वरिष्ठ प्रहरी अधिकृतहरू तथा उपचाररत सदस्यहरूका अभिभावकहरूको उपस्थिति रहेको थियो।



# अपराध तथ्याङ्क

## उपत्यका र प्रदेशगत पछिल्लो ५ आ.व.को कुल मुद्दा दर्ता र फछ्र्यौट संख्या (आ.व. ०७८/०७९ देखि आ.व. ०८२/०८३)



## काठमाडौं उपत्यका तथा प्रदेशगत मासिक कुल मुद्दा दर्ता तथ्याङ्क




## काठमाडौं उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दा दर्ता संख्या (असोज - मंसिर)



## उपत्यका र प्रदेशको शीर्षकगत मुद्दा दर्ता संख्या




## आत्महत्याको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क



मासिक ई-बुलेटिन

## बैंकिङ कसूरको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क




## जघन्य अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या



मासिक ई-बुलेटिन

## गम्भीर अपराधको प्रदेशगत मासिक मुद्दा दर्ता सख्या




## सम्पत्ती शुद्दीकरणको उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता सख्या



## २०८२ साल मंसिर महिनामा घरेलु हिंसा सम्बन्धी विवरण




## २०८२ साल मंसिर महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ७३ | ४१ वर्ष ४ महिना १८ दिन | १९३३१०८८ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | २१० | १३४ वर्ष ९ महिना १५ दिन | २७१२०६०२ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ४९१ | ९१ वर्ष १० महिना ४ दिन | ८७२५७९० |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | १०४ | ४५ वर्ष ५ महिना २२ दिन | ३१५५१०२७ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ६९ | ८५ वर्ष ४ महिना १ दिन | १०३८१०२० |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | २३८ | ११९ वर्ष ६ महिना २७ दिन | १०३५५७३४ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | २५ | २७ वर्ष ११ महिना ९दिन | १६८३१० |
| ८. | सुदरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ५२१ | ९६ वर्ष ११ महिना ३ दिन | १६१९१२२१ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, लाजिम्पाट | ० | ० वर्ष ० महिना ० दिन | ० |
| **जम्मा** | | **१७३१ जना** | **६४३ वर्ष ३ महिना ९ दिन** | **रु१२.,३८,२४,७९२।-** |

## लागू औषधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या




## अभियुक्त पक्राउ सम्बन्धी काठमाडौं उपत्यका र प्रदेशगत मासिक तथ्याङ्क



## साईबर अपराध काठमाडौं उपत्यका र प्रदेशगत मासिक उजुरी, मुद्दा दर्ता र अभियुक्त पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८२ साल मंसिर महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या




## २०८२ साल मंसिर महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | प्रगति | |
|---|---|---|---|
| | | दर्ता | बितरण |
| १. | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | १५५२९५ | ११४०४६ |
| २. | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानिय प्रशासन तथा प्रदेश समन्वय शाखाबाट Security Clearance को लागि प्राप्त | ७ | ७ |
| ३. | अध्यागमन विभाग | २४३ | १७१ |
| ४. | नागरिक उड्डयान प्राधिकरण | ३११ | ९४३ |
| ५. | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ३६ | २५ |
| ६. | औंठाछाप प्रमाणिकरण | ७० | ७० |
| ७. | कारागार | ६ | ६ |
| | अन्य | ३ | ३ |
| **जम्मा** | | **१५५९७१** | **११५२७१** |

## सामुदायिक प्रहरी गतिविधि

२०८२ साल मंसिर महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :

(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)



# आसरा सुधार केन्द्र रानीबारी

## २०८२ साल मंसिर महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या




# आसरा सुधार केन्द्र पानवारी , धरान सुनसरी

## २०८२ साल मंसिर महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या



# आसरा सुधार केन्द्र, फुलवारी धनगढी कैलाली

## २०८२ साल मंसिर महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या




## २०८२ साल मंसिर महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण

| सि.न. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | ४ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | २८ जना |
| ३. | हराएका विदेशी नागरिकहरु | ० जना |
| ४. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | २०,७२१ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको। | २ जना |

# खोजतलास तथा समन्वय

## २०८२ साल मंसिर महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको




## २०८२ साल मंसिर महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण संख्या



# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- Digital Forensics Lab बाट २०८२ सालको मंसिर महिनामा बिभिन्न **१७** वटा मुद्दा शीर्षक (आपराधिक उपद्रव, चोरी, किर्ते, ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन, बिद्युतीय अपराध, जबरजस्ती करणी, कर्तव्य ज्यान, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी, वेवारीसे लास, भबितव्य ज्यान) अन्तर्गत ८५ वटा मुद्दाको **६३५** वटा सबुदहरु परीक्षण गरिएको ।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- मंसिर महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको ।



## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट २०८२/०८/०१ गतेदेखि २०८२/०८/२९ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **४५३** केशहरुको **२५४९** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **४१३** केशहरुको **२८३१** नमूनाहरु परीक्षण गरिएको ।
- मिति २०८२/०८/०१ गते देखि २०८२/०८/२९ गते सम्म यस प्रयोगशालाबाट (AFIS) मा **२०१४** DATA Entry भएको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८२/०८/०१ गतेदेखि २०८२/०८/२९ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **२३२** केशहरुको **८५४** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डिङ केशहरु समेत गरी **२४१** केशहरुको **१०३७** नमूनाहरु परीक्षण गरिएको ।
- नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८२/०८/०१ गतेदेखि २०८२/०८/२९ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५८** केशहरुको **१५८** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डिङ केशहरु समेत गरी **१३६** केशहरुको **४३७** नमूनाहरु परीक्षण गरिएको ।
- मिति २०८२ भाद्र २३ र २४ गतेको घटनाको सम्बन्धमा यस प्रयोगशाला ब्यालेष्टिक्स शाखाको प्रतिवेदन उपर थप जानकारी लिने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोग, हरिहर भवन, पुल्चोक, ललितपुरबाट ६ जना सदस्यहरु आउनु भई उक्त विषयमा ब्यालेष्टिक्स शाखाको विशेषज्ञहरुसंग मिति २०८२/०८/२९ गते छलफल तथा अन्तर्क्रिया गरिएको ।
- विभिन्न सम्मानित अदालतहरुमा बकपत्र सम्पन्न गर्नका लागि यस प्रयोगशालाबाट ५ जना विशेषज्ञहरु खटिई गएको
- नेपाल सरकार परराष्ट्र मन्त्रालय अन्तर्गत राहदानी विभाग त्रिपुरेश्वर काठमाण्डौमा यस प्रयोगशाला अन्तर्गत फोरेन्सिक इकाईबाट मिति २०८२/०८/०१ गतेदेखि २०८२/०८/२९ गतेसम्म डकुमेन्ट भेरिफाई नागरिक्ता-०३, औंठाछाप -२०, हस्ताक्षर-०४ र फोटो- ०८ प्राप्त भई प्रमाणिकरण गरिएको ।
- राष्ट्रिय न्यायिक प्रतिष्ठान मनमैजु काठमाण्डौ, राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातिर्थ, नेपाल प्रहरी अपराध अनुसन्धान विद्यालय महाराजगंज, नेपाल प्रहरी शिक्षालय भरतपुर चितवन र काठमाण्डौ उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथमा तालिममा सहभागि प्रशिक्षार्थीहरुलाई मिति २०८२/०८/०१ गतेदेखि २०८२/०८/२९ गतेसम्म भौतिक तथा Online Virtual माध्यबाट यस प्रयोगशालाका १३ जना विशेषज्ञहरुद्वारा प्रशिक्षण प्रदान गरिएको ।
- जिल्ला प्रहरी कार्यालय, महेन्द्रनगर, कंचनपुर मुद्दा शाखामा प्रयोग भईरहेको वैज्ञानि संशाधन (AFIS Enrollment Station) प्रयोग बारे अनुगमनको लागि यस प्रयोगशालाको औंठाछाप/AFIS शाखामा कार्यरत प्र.उ. पुष्कर राज भट्ट मिति २०८२/०८/२१ गतेदेखि मिति २०८२/०८/२६ गते त्यस तर्फ खटिई जानु भएको ।
- त्रिभुवन विश्वविद्यालय नेपाल ल क्याम्पस प्रदर्शनी मार्ग काठमाण्डौ, नेपाल प्रहरी अपराध अनुसन्धान विद्यालय महाराजगंज र राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातिर्थबाट तालिममा सहभागि १२३ जना प्रशिक्षार्थीहरुलाई मिति २०८२/०८/०१ गतेदेखि २०८२/०८/२९ गतेसम्म यस प्रयोगशालामा अवलोकन भ्रमण गराईएको ।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

### २०८२ साल मंसिर महिनामा केनाईन परिचालित संख्या



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### हत्या गरेको अभियोगमा पक्राउ

***दाङ, १ मंसिर***

आफ्नै श्रीमती २५ वर्षीया सिता सुनारको हत्या गरेको अभियोगमा घोराही उपमहानगरपालिका-१८ गिठेपानीस्थित पुस्तक पसल गरी बस्ने रोल्पा परिवर्तन गाउँपालिका-१ घर भएका २३ वर्षीय सन्जु सुनारलाई प्रहरीले पक्राउ गरेको छ। सन्जुले सितालाई सामान्य विवादका कारण हत्या गरेको भनि वडा प्रहरी कार्यालय घोराहीमा जानकारी गराउनासाथ प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***दैलेख, २३ मंसिर***

आफ्नै बुवा ६५ वर्षीय धन बहादुर रामजाली मगरको हत्या गरेको अभियोगमा नौमुले गाउँपालिका-५ गजमाली बस्ने २७ वर्षीया तिर्सना रामजाली मगरलाई प्रहरीले पक्राउ गरेको छ। तिर्सनाले काठको चिरपट प्रहार गर्दा धन बहादुर गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय नौमुलेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। चिरपट प्रहारबाट गम्भीर घाइते भएका धन बहादुरको प्राथमिक स्वास्थ्य केन्द्र नौमुलेमा उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी १९ वर्ष पछि पक्राउ

***पर्सा मंसिर २७ ,***

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी बहुदरमाई नगरपालिका-२ बस्ने ५४ वर्षीय बिनोद पटेल भन्ने बिनोद प्रसाद कुर्मीलाई प्रहरीले पक्राउ गरेको छ। साविक लिपनी विर्ता गाविस-८ पटेलनगर बस्ने २३ वर्षीय सुरेश भन्ने राम प्रसाद पटेलको २०६३ असोज ५ गते हत्या गरेको घटनामा संलग्न रही फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले वीरगंज महानगरपालिका-२१ बाट पक्राउ गरेको हो। उनी उपर जिल्ला अदालत पर्साबाट ७ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***पाँचथर २९ ,मंसिर***

फाल्गुनन्द गाउँपालिका-७ खामेलक बस्ने ३६ वर्षीय प्रेमराज आङदेम्बेको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ८२ वर्षीय वर्ण सिंह आङदेम्बेलाई प्रहरीले पक्राउ गरेको छ। वर्ण सिंहले आफ्नै घरको आँगानमा प्रेमराजलाई छुरी प्रहार हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी आङसाराङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्यामा संलग्न रहेको अभियोगमा पक्राउ

***संखुवासभा, २८ मंसिर***

आफ्नै श्रीमती ३७ वर्षीया मिना शेर्पाको हत्यामा संलग्न रहेको अभियोगमा मादी नगरपालिका-३ बस्ने ४९ वर्षीय प्रेम दोर्चा शेर्पालाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय चैनपुर समेतबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। प्रारम्भिक अनुसन्धानको क्रममा मंसिर ९ गते राति मादी नगरपालिका-४ ओखरेबजारबाट घर फर्किने क्रममा उनीहरूबीच वादविवाद हुँदा प्रेमले मिनाको हत्या गरी सोही नगरपालिका-३ स्थित आफ्नै अलैँची बारीमा गाडेको खुल्न आएको छ। उनी उपर कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत संखुवासभाबाट म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### विभिन्न धनमाल चोरी

***काठमाडौं ,३ मंसिर***

काठमाडौं महानगरपालिका-१६ बालाजु बाईपास चोक डेरा गरी बस्ने नुवाकोट तादी गाउँपालिका-६ घर भएकी ५१ वर्षीया ठुली तामाङको कोठाबाट सुनका विभिन्न गरगहना र नगद समेत गरी करिब १४ लाख ५५ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। यसैगरी काठमाडौं , तारकेश्वर नगरपालिका-४ बालाजु पुरानो गुहेश्वरी बस्ने ३० वर्षीय सुजन पुतुवारको ह्याङ्ग ओभर लिक्वायर सपबाट नगद र जिन्सि सामान गरी करिब ५ लाख ३९ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गर्ने चार जना पक्राउ

***काठमाडौं, २२ मंसिर***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी पोर्चुगल पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-२६ बस्ने कञ्चनपुर बेदकोट नगरपालिका-१० घर भएका ३३ वर्षीय भिम बहादुर महरलाई प्रहरीले पक्राउ गरेको छ। भिम बहादुरले पोर्चुगल पठाइदिन्छु भन्दै १ जना पीडितबाट २ लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान

कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-४ सुकेधाराबाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## विभिन्न धनमाल चोरी

***काठमाडौं, ४ मंसिर***

तारकेश्वर नगरपालिका-१० मनमैजु लोकतान्त्रिक चोक डेरा गरी बस्ने बाग्लुङ घर भएकी २४ वर्षीया दिपिका परियारको कोठाबाट सुनका विभिन्न गरगहना गरी करिब ४ लाख ८४ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## वैदेशिक रोजगारीको लागि विभिन्न देश पठाइदिन्छु भनी ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, १५ मंसिर***

वैदेशिक रोजगारीको लागि विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ललितपुर, ललितपुर महानगरपालिका-४ बस्ने मकवानपुर हेटौंडा उपमहानगरपालिका-४ घर भएका ५२ वर्षीय शम्भु दयाल अग्रवाललाई प्रहरीले पक्राउ गरेको छ। शम्भुले विभिन्न देश पठाइदिन्छु भन्दै पीडितहरूबाट १४ करोड १३ लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान शाखा कार्यालय ललितपुरबाट खटिएको प्रहरीले उनलाई ललितपुर महानगरपालिका-४ बाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गर्ने तीन जना पक्राउ

***काठमाडौं १८ ,मंसिर***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा ललितपुर महानगरपालिका-५ बस्ने चितवन कालिका नगरपालिका-८ घर भएका ४० वर्षीय श्याम चन्द्र अधिकारी, काठमाडौं महानगरपालिका-२६ बस्ने नवलपरासी पश्चिम बर्दघाट नगरपालिका-१ घर भएका ४४ वर्षीय दिल बहादुर सारू मगर र ललितपुर महालक्ष्मी नगरपालिका-५ बस्ने सर्लाही ब्रह्मपुरी गाउँपालिका-२ घर भएका ३५ वर्षीय चन्द्र भुसण प्रसाद रहेका छन्। पक्राउ मध्ये श्याम चन्द्रले अल्बानिया, अजरबैजान, मेसोडोनिया, सर्विया लगायतका विभिन्न देशहरू पठाइदिन्छु भन्दै ६ जना पीडितहरूबाट १ करोड २५ लाख ७८ हजार ८ सय रूपैयाँ, दिल बहादुरले सर्विया पठाइदिन्छु भन्दै ६ जना पीडितहरूबाट ४ लाख ५० हजार रूपैयाँ र चन्द्र भुसणले अल्बानिया पठाइदिन्छु भन्दै ४ जना पीडितहरूबाट ३ लाख ८० हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले श्याम चन्द्रलाई ललितपुर महानगरपालिका-५ बाट तथा दिल बहादुरलाई काठमाडौं महानगरपालिका-२६ बाट र चन्द्र भुसणलाई ललितपुर महानगरपालिका-५ बाट पक्राउ गरेको हो। पक्राउ मध्ये दिल बहादुर र चन्द्र भुसणलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ भने श्याम चन्द्रलाई जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## सुन, चाँदी तथा मोतीको जस्तो देखिने गरगहनाहरू सहित दुई जना पक्राउ

*काठमाडौं, ११ मंसिरर*

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडान तर्फको होल्ड ब्यागेज चेकिङ एरियाबाट सुन, चाँदी तथा मोतीको जस्तो देखिने गरगहनाहरू सहित २ जना अमेरिकी नागरिकहरू पक्राउ परेका छन्। पक्राउ पर्नेहरूमा ३२ वर्षीय SUNIL SANKAR र ३१ वर्षीया BINITA GAZMER रहेका छन्। एयर इन्डियाको उडानद्वारा काठमाडौंबाट दिल्ली हुँदै संयुक्त राज्य अमेरिका जान लागेका उनीहरूलाई जाँच गर्ने क्रममा SUNIL को लगेजबाट सुन जस्तो देखिने धातुका गरगहना करिब ३१ ग्राम ४ सय मिलिग्राम ,चाँदी जस्तो देखिने धातुका गरगहना करिब १ किलो ३ सय ४६ ग्राम र मोतीको जस्तो देखिने धातुका गरगहना करिब ५३ ग्राम तथा BINITA को लगेजबाट सुन जस्तो देखिने धातुका गरगहना करिब ९१ ग्राम ७ सय ५ मिलिग्राम फेला पारी पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचर पठाइएको छ।

## विभिन्न धनमाल चोरी

***काठमाडौं, २२ मंसिर***

काठमाडौं महानगरपालिका-४ डेरा गरी बस्ने काभ्रे घर भएकी ३० वर्षीया ललिता गौतमको कोठाबाट करिब ३ लाख ६० हजार रूपैयाँ बराबरको सुनका विभिन्न गरगहना चोरी भएको छ। भक्तपुर, सूर्यविनायक नगरपालिका-५ कटुन्जे कोलडाँडा बस्ने ३५ वर्षीय सुशिल थापाको घरबाट सुनका विभिन्न गरगहना र नगद समेत गरी करिब ३८ लाख ४६ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## नक्कली नोट सहित एक जना पक्राउ

***सर्लाही, २५ मंसिर***

बिष्णु गाउँपालिका-६ बाट नेपाली एक हजार दरका ९५ थान नक्कली नोट सहित कौडेना गाउँपालिका-५ छपकैया बस्ने ३० वर्षीय फिरोज खानलाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय सिमरा फेन्हाराबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको अनटेष्ट लेखिएको मोटरसाइकलमा सवार उनलाई उक्त नोट सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## युके पठाइदिन्छु भन्दै ठगी गर्ने दुई जना पक्राउ

***काठमाडौं, २७ मंसिर***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी युके पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा ललितपुर महालक्ष्मी नगरपालिका-४ बस्ने काठमाडौं महानगरपालिका-२७ घर भएका ५१ वर्षीय मनोज कुमार सिंह भन्ने अनुप कुमार सिंह र भक्तपुर मध्यपुर थिमि नगरपालिका-९ बस्ने दोलखा मेलुङ गाउँपालिका-७ घर भएका ५१ वर्षीय नर बहादुर श्रेष्ठ भन्ने लड्डु बहादुर श्रेष्ठ रहेका छन् । उनीहरूले युके पठाइदिन्छु भन्दै ४८ जना पीडितहरूबाट ४ करोड ३९ लाख ५१ हजार ५ सय ५८ रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनीहरूलाई जिल्ला प्रहरी कार्यालय झापाको समन्वयमा झापा मेचीनगर नगरपालिका-१० धुलाबारीबाट पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

# यौनजन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २ मंसिर***

बारा, १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा जीतपुरसिमरा उपमहानगरपालिका-१६ टाङिया बस्ती बस्ने ४० वर्षीय सोम बहादुर भोलनलाई प्रहरीले पक्राउ गरेको छ । सोम बहादुरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय निजगढबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***दाङ, ७ मंसिर***

११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गढवा गाउँपालिका-७ मानपुर बस्ने २१ वर्षीय कुमार विकलाई प्रहरीले पक्राउ गरेको छ । कुमारले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय गढवाबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***सुर्खेत, ९ मंसिर***

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा पञ्चपुरी नगरपालिका-५ बस्ने ४० वर्षीय महेन्द्र अर्याललाई प्रहरीले पक्राउ गरेको छ । महेन्द्रले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बाबियाचौरबाट खटिएको प्रहरीले उनलाई पञ्चपुरी नगरपालिका-१ बाचकाडाबाट पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***नवलपरासी पश्चिम, १५ मंसिर***

१६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बर्दघाट नगरपालिका-१ माकर बस्ने १९ वर्षीय रोजीन सुनारलाई प्रहरीले पक्राउ गरेको छ । रोजीनले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बर्दघाटबाट खटिएको प्रहरीले उनलाई बर्दघाट नगरपालिका-४ त्रिवेणी चोकबाट पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २२ मंसिर***

अछाम, १७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा ढकारी गाउँपालिका-२ बलातीबाडा कालिकास्थान बस्ने १९ वर्षीय पुष्प साउदलाई प्रहरीले पक्राउ गरेको छ । साउदले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी ढकारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो

## जबरजस्ती करणी गरेको अभियोगमा पक्रा

***प्युठान, ८ मंसिर***

१६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा ऐरावती गाउँपालिका-५ झिबाङ बस्ने २१ वर्षीय प्रकाश बोहरालाई प्रहरीले पक्राउ गरेको छ । प्रकाशले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बिजुवार समेतबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको ।

# लागु औषध सम्बन्धी

## अवैध लागूऔषध ब्राउनसुगर सहित एक जना पक्राउ

***सुनसरी, २ मंसिर***

इनरूवा नगरपालिका-४ बसचोकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ८ ग्राम ८ सय ९० मिलिग्राम सहित इटहरी उपमहानगरपलिका-२० बस्ने ५२ वर्षीय गोबिन्द तामाङलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सुनसरी र अस्थायी प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरीले चिरौलीबाट इनरूवातर्फ आउँदै गरेको प्र.१-०२-०५६ प ८२०५ नम्बरको स्कुटरलाई जाँच गर्दा उक्त पदार्थ फेला पारी चालक गोबिन्दलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## करिब ९ सय ७८ किलो गाँजा सहित ट्रक चालक पक्राउ

***सप्तरी, ५ मंसिर***

कञ्चनरूप नगरपालिका-२ बरमझियाबाट अवैध लागूऔषध गाँजा करिब ९ सय ७८ किलो गाँजा सहित सुनसरी धरान उपमहानगरपालिका-१३ बस्ने २५ वर्षीय संजय श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सप्तरी समेतबाट खटिएको प्रहरीले फत्तेपुरबाट भारदहतर्फ जाँदै गरेको ना.५ ख ५३५ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा ट्रकमा फल्सबटम बनाई २८ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी चालक संजयलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध खैरो हेरोइन सहित एक जना पक्राउ

***मोरङ, ५ मंसिर***

बिराटनगर महानगरपालिका-१६ दरैया चोकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ सय ३ ग्राम सहित सुन्दरहरैँचा नगरपालिका-१२ बस्ने ३९ वर्षीय राजु बिकलाई प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बिराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको को.३८ प २३१७ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब एक हजार ४ किलो गाँजा सहित दुई जना पक्राउ

***सिराहा ,७ मंसिर***

लहान नगरपालिका-१ ट्राफिक चोकबाट अवैध लागूऔषध गाँजा करिब १ हजार ४ किलो ४ सय ५० ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा संखुवासभा धर्मदेवी नगरपालिका-९ छिपिधारा टोल बस्ने २४ वर्षीय टंक विश्वकर्मा र धनकुटा छथर जोरपाटी गाउँपालिका-२ बस्ने २२ वर्षीय खेम राना मगर रहेका छन्। इलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरीले मिर्चैयाबाट रूपनीतर्फ जाँदै गरेको ना५. ख ३२०९ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा चालक बस्ने क्याबिन पछाडि फल्स बटम बनाई ३१ वटा बोरामा लुकाईछिपाई राखेको उक्त परिमाणको गाँजा फेला पारी चालक टंक र सहचालक खेमलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब २९ हजार ट्याब्लेट नियन्त्रित लागूऔषध ट्रामाडोल बरामद

***मोरङ, १६ मंसिर***

धनपालथान गाउँपालिका-१ गडेरीया टोलस्थित खेतमा रहेको बाँसको झ्याङबाट नियन्त्रित लागूऔषध ट्रामाडोल २९ हजार ६ सय ८० ट्याब्लेट प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी गडेरीयाबाट खटिएको प्रहरीले उक्त स्थानमा २ वटा झोलामा रहेको उक्त परिमाणको लागूऔषध फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब ४ सय ६० किलो गाँजा बरामद

***सुनसरी, १७ मंसिर***

इनरूवा नगरपालिका-९ बाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ ४ सय ६० किलोग्राम प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरीले इनरूवाबाट जाल्पापुरतर्फ जाँदै गरेको बा.३ च ५५८५ नम्बरको स्कारपियोलाई जाँच गर्ने खोज्दा स्कारपियो नरोकी फरार भएपश्चात खोजी गर्ने क्रममा स्कारपियो चालकविहीन अवस्थामा फेला पारी तलासी गर्दा १६ वटा बोरामा रहेको उक्त परिमाणको लागूऔषध फेला पारी बरामद गरेको हो। प्रहरीले हाल फरार स्कारपियो चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब ६ सय ७८ किलो गाँजा सहित दुई जना पक्राउ

***मोरङ, २२ मंसिर***

रतुवामाई नगरपालिका-१ हटियाडाँडाबाट अवैध लागूऔषध गाँजा करिब ६ सय ७८ किलोग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा धनकुटा सहिदभूमि गाउँपालिका-२ बस्ने २१ वर्षीय समेल राई र सोही गाउँपालिका-१ बस्ने २२ वर्षीय विक्रम विशुङ्खे रहेका छन्। इलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरीले आमबारीबाट सोनापुरतर्फ जाँदै गरेको प्र.१-०१-००१ ख ३८२५ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा ट्रकको ढाला भित्र लुकाईछिपाई राखेको अवस्थामा उक्त परिमाणको गाँजा फेला पारी चालक समेल र ट्रक साहु विक्रमलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## मोरङ र मकवानपुरबाट करिब एक हजार ३ सय ९१ किलो गाँजा बरामद

***काठमाडौं, २५ मंसिर***

मोरङ, रंगेली नगरपालिका-८ स्थित खेतबाट अवैध लागूऔषध गाँजा ९ सय २१ किलो ६ सय ६० ग्राम प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीले खेतमा परालले छोपी लुकाई छिपाई राखिएको २९ वटा बोराबाट उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। मकवानपुर, भीमफेदी गाउँपालिका-३ पान्द्राङबाट अवैध लागूऔषध गाँजा करिब ४ सय ७० किलोग्राम प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले बा.१७ च ४२ नम्बरको बोलेरो पिकअप गाडीको पछाडी ढालामा १७ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। प्रहरीले हाल फरार गाडी चालकको खोजी गरिरहेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## पेस्तोल तथा रिभल्भर सहित पाँच जना पक्राउ

***काठमाण्डौ, १२ मंसिर***

काठमाडौंका विभिन्न स्थानबाट पेस्तोल २ थान र म्याग्जिन १ थान सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-२८ बागबजार बस्ने मकवानपुर बागमती गाउँपालिका-७

घर भएका २५ वर्षीय निकेश विक, २५ वर्षीय सुरज विक र काठमाडौं महानगरपालिका-२८ भृकुटीमण्डप बस्ने बागलुङ ढोरपाटन नगरपालिका-३ घर भएका २५ वर्षीय बालकृष्ण गैरे रहेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पेस्तोल सहित फेला पारी पक्राउ गरेको हो । उनीहरूलाई हातहतियार तथा खरखजाना सम्बन्धी कसूरमा आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ । यसैगरी काठमाडौं, नागार्जुन नगरपालिका-६ रामकोट सिभिल होम नजिक बस्ने तनहुँ भानु नगरपालिका-९ घर भएका ४१ वर्षीय मनोज कुमार सुन्दासलाई पेस्तोल १ थान, म्याग्जिन १ थान र गोली ८ राउण्ड सहित प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग फस्कु समेतबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा उक्त पेस्तोल फेला पारी पक्राउ गरेको हो । यसैगरी काठमाडौं महानगरपालिका-२१ लगन डेरा गरी बस्ने भारत बिहार घर भएका १६ वर्षीय किशोरलाई रिभल्भर १ थान सहित प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त जनसेवाबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा उक्त रिभल्भर फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## रिभल्भर सहित एक जना पक्राउ

***काठमाडौं, १३ मंसिर***

काठमाडौं महानगरपालिका-१३ सोल्टीमोड बस्ने मकवानपुर मनहरी गाउँपालिका-५ घर भएका ३० वर्षीय सन्तोष गुरूङलाई रिभल्भर १ थान सहित प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले सन्तोषलाई उक्त रिभल्भर सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ

## पेस्तोल सहित तीन जना पक्राउ

***काठमाडौं, १६ मंसिर***

काठमाडौं महानगरपालिका-११ सुन्धाराबाट पेस्तोल १ थान सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-११ सुन्धारा बस्ने दार्चुला दुहुँ गाउँपालिका-४ घर भएका १९ वर्षीय डेबिड भन्ने रामचन्द्र कुँवर, काठमाडौं महानगरपालिका-१८ भुरूङखेल बस्ने सोही महानगरपालिका-१४ कलंकी घर भएका २८ वर्षीय रसिल जोशी र काठमाडौं महानगरपालिका-१३ बाफल बस्ने ३१ वर्षीय विराट प्रसाद जोशी रहेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पेस्तोल सहित पक्राउ गरेको हो । साथै पक्राउ मध्ये रसिल उपर प्रहरी वृत्त स्वयम्भूबाट लागूऔषध मुद्दा दर्ता भई गत भदौ २४ गते हिरासतबाट भागी फरार भएको समेत अनुसन्धानको क्रममा खुल्न आएको छ । उनीहरूलाई आव अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

## स्रोत नखुलेको नगद सहित तीन जना पक्राउ

***सर्लाही, २ मंसिर***

मलंगवा नगरपालिका-८ बाट स्रोत नखुलेको नगद ८ लाख १३ हजार ९ सय १० रूपैयाँ सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा ईश्वरपुर नगरपालिका-३ बस्ने ३४ वर्षीय सुवाश लामिछाने, २९ वर्षीय रूपेश सहनी र कविलासी नगरपालिका-४ बस्ने मलंगवा नगरपालिका-१० घर भएका २८ वर्षीय मुकेश चौधरी रहेका छन् । प्रहरी चौकी गोरखकालीबाट खटिएको प्रहरीले भारतको सोनबर्षाबाट मलंगवातर्फ आउँदै गरेको म.प्र.०३-०३६ प ९३८८ नम्बरको मोटरसाइकलमा सवार सुवाश र रूपेश तथा पैदलयात्री मुकेशलाई उक्त नगद सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## एनपिएलमा सट्टाबाजी गर्ने कार्यमा संलग्न आठ जना भारतीय नागरिक पक्राउ

***काठमाडौं, ८ मंसिर***

एनपिएलमा सट्टाबाजी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा ८ जना भारतीय नागरिकहरूलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-२६ सामाखुशी बस्ने भारत आन्द्रा प्रदेश प्रकासम पामुर गाउँ घर भएका ३१ वर्षीय राजा यदुला, ३५ वर्षीय महेश बाबु, ३० वर्षीय पण्डित श्रीनिवासुलु, २० वर्षीय सेख सोयब, ३० वर्षीय नभिन मड्डेला, ३२ वर्षीय महमद रफी सेख, १९ वर्षीय साई कुमार तम्मिसेट्टी र २८ वर्षीय सेख चन्द बसल रहेका छन् । क्रिकेट एशोसियसन नेपालद्धारा मंसिर १ गते देखि मंसिर २७ गते सम्म सञ्चालन भइरहेको नेपाल प्रिमियर लिग (एनपिएल) दोस्रो संकरणको क्रिकेट प्रतियोगितामा सहभागी भई betacular.live नामक अनलाइन बेटिङ साइटबाट खेल हारजित हुने गरी रकम लगानी गरी सट्टाबाजी गर्ने कार्यमा संलग्न उनीहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-१४ बल्खुबाट पक्राउ गरेको हो । उनीहरूलाई सट्टाबाजी गर्न गराउन नहुने कसुरमा आवश्यक अनुसन्धान एवं. कारवाहीको लागी जि.प्र.का.परिसर काठमाडौं पठाएको ।

## भरूवा बन्दुक सहित एक जना पक्राउ

***बैतडी, ६ मंसिर***

पञ्चेश्वर गाउँपालिका-४ स्थित महाकाली करिडोरबाट भरूवा बन्दुक १ थान, छर्रा ३५ थान, बारूद र केप १ थान सहित सोही गाउँपालिका-४ बगौरा बस्ने ४१ वर्षीय गम्भिर बहादुर चन्दलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बैतडी समेतबाट खटिएको प्रहरीले उनलाई उक्त बन्दुक सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## कट्वा पेस्तोल सहित दुई जना पक्राउ

***रूपन्देही, २० मंसिर***

गैडहवा गाउँपालिका-३ पोहवाचोकस्थित दरबार होटल एण्ड रेष्टुरेन्टबाट कट्वा पेस्तोल १ थान र गोली २ राउण्ड सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत सिद्धाथनगर सदरथाना डिहवा बस्ने ५२ वर्षीय महमद महमद रमजान र भारत थानाबासी मरचहवा बस्ने ४२ वर्षीय संजय पासी रहेका छन् । इलाका प्रहरी कार्यालय सूर्यपुराबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पेस्तोल सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## मुद्दा शीर्षक –जबरजस्ती करणी

मिति २०८२।०७।०४ गते अं. १३:०० बजेको समयमा ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २१ खोकना स्थित मिति २०८२।०८।०५ गते अन्दाजी २२:०० बजेको समयमा जिल्ला "०५-क" बस्ने बर्ष १७ को सांकेतिक नाम चैनपुर (ठ) ०८२/०८३ ले बिबाह गर्छु भनि ललाई फकाई जिल्ला संखुवासभा चैनपुर नगरपालिका वडा नं.-३ पोखरी स्थित बिष्णु तामाङको घरमा लगी मेरो नातिनि सांकेतिक नाम चैनपुर (ट) ०८२/०८३ लाई पटक पटक जबरजस्ती करणी गरेको हुदाँ निजलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेतको व्यहोराको पीडीतको हजुरआमा सांकेतिक नाम चैनपुर (ट१) ०८२/०८३ ले मिति २०८२।०८।०७ गते दिएको जाहेरी दरखास्त प्राप्त भएकोमा प्रतिवादी तोयानाथ भण्डारीलाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा सम्मानित जिल्ला अदालत चैनपुरको मिति २०८२।०८।२४ गतेको आदेशले निज प्रतिवादी तोयानाथ भण्डारीलाई सुधार गृह विराटनगर पठइएको।

## मुद्दा शीर्षक –चोरी

मिति २०८२।०७।२८ गते बेलुकी अं.१७:०० बजेको समयमा जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं.०५ तोरीखेत स्थितमा रहेको जाहेरवालाको घरबाट अन्दाजी रु. ३०,००,०००/- (तिस लाख रुपैया) पर्ने बहुमुल्य सुनचाँदी, हिरामोति लगायतको गरगहना र नगद अन्दाजी रु. ४,००,०००/- (चार लाख रुपैया) समेत पछी नामथर वतन खुल्न आएका जिल्ला गोरखा पालुङटार न.पा. वडा नं. ०४ घर भई हाल जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं. ०६ बस्ने वर्ष २३ को सागर श्रेष्ठले चोरी गरी फोन मार्फत विभिन्न किसिमका धाकधम्की समेत दिएको हुँदा निजलाई कानून बमोजिम हदैसम्म कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको अभिमन्यु अधिकारीको जाहेरी दरखास्त प्राप्त भएकोमा निज प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा सम्मानित चितवन जिल्ला अदालतको मिति २०८२।०८।२९ गतेको आदेशले रु.१,५०,०००।- धरौटीमा छुटेको।

## मुद्दा शीर्षक – मुद्दा शीर्षक –जबरजस्ती करणी

मिति २०८२।०८।०६ गते अं १२:०० बजेको समयमा जिल्ला सिन्धुली कमलामाई नगरपालिका वडा नं.५ धुरा फाँट सिरान, मिलनचौकबाट ढुङ्ग्रेबास जाने सडक नजिक कमल वि.क.को घरमा म जाहेरवालाको छोरीलाई निज कानून विवादमा परेको बालक परिवर्तित ०८२।०८३ कमलामाई (८) ले चकलेट किन्ने भनि लगि निज कानून विवादमा परेको बालकले आफ्नो कोठामा लगी जबरजस्ती गरेको भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा निज कानूनको विवादमा परेको बालकलाई नियन्त्रणमा लिई अनुसन्धान पश्चात पेश हुँदा सम्मानित सिन्धुली जिल्ला अदालतको च.नं.१५३३ मिति २०८२।०८।२३ गतेको पत्र आदेशानुसार कानूनको विवादमा परेको बालक परिवर्ति नाम ०८२/०८३ कमलामाई (८) लाई अभिभावकको जिम्मा लगाईएको।

## मुद्दा शीर्षक –सवारी ज्यान

मिति २०८२।०६।१४ गते साझ १७:०० बजेको समयमा बिपक्षी जिल्ला कपिलवस्तु कपिलवस्तु नगरपालिका वडा नं. ०६ बस्ने लु ४५ प ५४०३ नं. मनोटरसाईकल चालक बर्ष ४५ को मोहम्मद सरीफ मुसलमानले चलाएको मोटरसाईकल ऐ. स्थित तिलौराकोट गोवरी सडक खण्डमा म जाहेरवालाको छोरा बर्ष ६ को प्रतिक कोहारलाई ठक्कर दिई घाईते भएको मा निजलाई लुम्बिनी मेडिकल कलेज भैरहवामा ल्याई उपचार गराई थि उपचारको लागी त्रि.वि.वि. शिक्षण अस्पताल महाराजगंज काठमाण्डौ ल्याई औषधी उपचार गर्ने क्रममा मिति २०८२।०६।१६ गते दिउसो १२:५७ बजेको समयमा उपचारमा संलग्न डाक्टरले मृत्यु घोषण गरेको हुँदा मृत्यु पूर्वको सम्पूर्ण औषधी उपचार खर्च तथा मृत्यु पश्चातको नियम अनुसारको किरिया खर्च तथा क्षतिपूर्ति समेत दिलाई पाउ भन्ने समेत व्यहोराको शुकदेव कोहारको जाहेरी दरखास्त प्राप्त भएकोमा निज प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा सम्मानित कपिलवस्तु जिल्ला अदालतको मिति २०८२।०८।१६ गतेको आदेशनुसार प्रतिवादी मोहम्मद सरीफ मुसलमान पूर्पक्षको लागि कपिलवस्तु कारागार चलन।

## मुद्दा शीर्षक – मानव बेचबिखन तथा ओसारपोसार

मिति २०८२।०७।१९ गते मेरो बहिनी ०८२।०८३ परिवर्तित नाम ५१ (ख) १ कृष्णनगरले प्रयोग गर्ने गरेको मोबाईल नम्बरबाट मलाई फोन गरी निजलाई प्रकरण नं. ३ मा उल्लेखित अभियुक्त अर्जुन रोकाले कृष्णनगर कपिलवस्तुको नेपाल भारत सिमा नाकाबाट निज बहिनीलाई साथमा लिई नेपालबाट भारत तर्फ जान लागेको देखी सोही स्थानमा रहेको सानाहात नेपाल नामको संस्थाले रोकी सोधपुछ गर्दा निज अभियुक्तले आफुलाई बेचबिखन गरी आर्थिक लाभ लिने मनसायले नेपालबाट भारत तर्फ लिई जान लागेको खुल्न आएको र प्रतिवादीले निज बहिनीलाई घर बागलुङबाट बुटवल सम्म आउन लगाई बुटवलबाट पुनः कृष्णनगर कपिलवस्तु सम्म आउन लगाई कृष्णनगर कपिलवस्तुमा आई मेरो बहिनीलाई आफ्नो नाम समेत ढाट्न लगाई परिचय खुल्ने कागजात समेत फरक देखाउन लगाई साथमा लिई जान लागेको र नेपालबाट भारत तर्फ जादै गर्दा नेपाल भारत सिमा नजिकै पुग्दा सोही स्थानमा रहेको साना हात नेपाल नामको संस्थाले रोकी सोधपुछ गर्दा निज मेरो बहिनीलाई जुत्ता चप्पलको पसलमा काम लगाई दिने भनि झुक्यानमा पारी भारत सम्म लिई गई बेचबिखन गर्न लागेको भनि खुल्न आएको र निज मेरो नाबालीका बहिनिलाई निज अभियुक्तले बेचबिखन गरी आर्थिक लाभ लिने मनसायले नेपालबाट भारत तर्फ लिई जान लागेको एकिन हुन आएको हुदाँ यो जाहेरी दरखास्त साथ उपस्थित भएको छु भन्ने समेत व्यहोराको जाहेरी दरखस्त प्राप्त भएकोमा निज प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा सम्मानित कपिलवस्तु जिल्ला अदालतको मिति २०८२।०८।१५ गतेको आदेशले प्रतिवादी अर्जुन रोका पूर्पक्षको लागि कपिलवस्तु कारागार चलान भएको।

## मुद्दा शीर्षक – हातहतियार तथा खरखजाना

मिति २०८२।०८।१४ गतेको बिहानको समयमा जिल्ला पाल्पा तानसेन नगरपालिका वडा नं. १३ बस्ने वर्ष ६४ को शालिकराम रेश्मीले आफ्नो घरमा इजाजत पत्र बिना अवैध रुपले हातहतियार तथा खरखजाना (भरुवा बन्दुक) लुकाई छिपाई राखेका छन् भनी गोप्य सूचना प्राप्त भई तत्काल प्रहरी टोली खटी गई निज शालिकराम रेश्मीको घर कोठा रितपूर्वक खानतलासी गर्दा खानतलासी/बरामदी मुचुल्कामा उल्लेखित निजले आफ्नो घर कोठामा लुकाई छिपाई राखेको अवस्थामा ४ फिट ७ इन्च लम्बाई भएको काठ तथा फलामले बनेको सिलिङ सहितको एक नाले अवैध भरुवा बन्दुक थान-१ फेला पारी रितपूर्वक बरामद गरी निज शालिकराम रेश्मीलाई तत्काल पक्राउ गरी भाग्न उम्कन तथा सबुद प्रमाण नष्ट हुन सक्ने भएकोले निजलाई तत्काल जरुरी पक्राउ पूर्जी दिई खानतलासी/बरामदी मुचुल्का गरी बरामद हुन आएको एक नाले अवैध भरुवा बन्दुक थान-१ निज प्रतिवादीलाई हातहतियार तथा खरखजाना कसूर अन्तर्गत कारबाही गरी पाउ

भन्ने व्यहोराको प्रहरी प्रतिवेदन प्राप्त भएकोमा निज प्रतिवादीलाई अनुसन्धान पश्चात पेश हुँदा मिति २०८२।०८।१६ गतेको पाल्पा जिल्ला अदालतको थुनछेक आदेशले प्रतिवादी शालिक राम रेश्मी रु. १,१५,०००/- (एक लाख पन्ध्र हजार रुपैयाँ) धरौटी राखि तारेखमा छुटेको।




## मुद्दा शीर्षक – कर्तव्य ज्यान

मिति २०८२।०७।३० गते दिनको अं. १६:०० बजेको समयमा जिल्ला रोल्पा परिवर्तित गाँउपालिका वडा नं. ०१ कुरेली डालीम स्थायी वतन भई हाल जिल्ला दाङ घोराही उप-महा नगरपालिका वडा नं. १८ गिठेपानी स्थित स्टेशनरी पसल संचालन गरी बस्ने बर्ष २५ की सिता सुनारलाई निजको श्रीमान  जिल्ला रोल्पा परिवर्तित गाँउपालिका वडा नं. ०१ कुरेली बस्ने बर्ष २३ को सन्जु सुनारले स्टेशनरी पसल रहेको कोठा भित्र हातले घाटी थिचेर हत्या गरेकोले निजलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा निज प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा सम्मानित दाङ जिल्ला अदालत घोराही दाङको मिति २०८२।०८।२५ गतेको आदेशले प्रतिवादी पूर्पक्षको लागि कारागार चलान।

## मुद्दा शीर्षक – ज्यान सम्बन्धी कसूरबाट कर्तव्य ज्यानमा परिणत

अन्यायी अमिन शाहीले मिति २०८२।०७।२२ गते राति हामी सबै घरपरिवार सुतिसकेपछी भाउजु सुतेको कोठा भित्र पसी भाउजुलाई हत्या गरेको हुँदा अन्यायीलाई कानून बमोजिम गरी पाउँ भन्ने व्यहोराको नृप शाहीको पुरक जाहेरी दरखस्त प्राप्त भएकोमा निज प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा सम्मानित कालीकोट जिल्ला अदालत कालीकोटको आदेशले प्रतिवादी अमिन शाहीलाई थुनामा राखि मुद्दाको पूर्पक्ष गर्नु पर्ने भएको हुँदा निज पूर्पक्षको लागि कारागार चलान भएको।




## मुद्दा शीर्षक – ज.ज.क.तथा कर्तव्य ज्यान

जि.दैलेख भैरवी गा.पा. वडा न.०३ कोइरालागाउँ बस्ने वर्ष ५२ की पटुदेवि उपाध्याय मानसिक असन्तुलन भई हिडने गरेकोमा निजलाई ऐ.ऐ.०४ बस्ने वर्ष ५२ को महेन्द्र बहादुर शाहीले मिति २०८२।०७।१६ गते राति११;३० बजेको समयमा ज.ज.क.गरी कर्तव्य गरी मारेको हुँदा कानून बमोजिम कारवाही गरी पाँउ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा निज प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा सम्मानित जिल्ला अदालत दैलेखको  मिति २०८२।०८।१७ गतेको आदेशले प्रतिवादी पूर्पक्षको लागि कारागार चलान भएको।

**मासिक ई-बुलेटिन**


## सम्पादक मण्डल :

**प्रकाशक**

नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग, नक्साल

**प्रमुख सल्लाहकार**

प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौर

**सल्लाहकार**

प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी

**सम्पादक**

प्रहरी निरीक्षक राजन प्रसाद काफ्ले

**संकलन**

प्रहरी सहायक निरीक्षक दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**

प्रहरी बरिष्ठ हवल्दार कल्पना राई


## सम्पर्कको लागि :


**नेपाल प्रहरी प्रधान कार्यालय,**
**अपराध अनुसन्धान विभाग ,नक्साल काठमाडौं**
**०१-५७१९८६८**

**E-mail: cicu@nepalpolice.gov.np**

**बालबालिका खोजतलास समन्वय केन्द्र : १०४**